# जोरायल राजपत्र

## जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ८ मितिः 2077 माघ 6

### भाग- २

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 102 उपदफा (3) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**जोरायल गाउँपालिका संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७७**

# जोरायल गाउँपालिका संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मिति॥ २०७७।१०।५

**प्रस्तावनाः**

जोरायल गाउँपालिका क्षेत्रभित्र कार्यक्षेत्र निर्धारण गरी सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, खानेपानी तथा सरसफाइ, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना, दर्ता तथा खारेज गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले जोरायल गाउँपालिका संस्था दर्ता ऐन, २०७६ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “जोरायल गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७७” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

(३) यो ऐन जोरायल गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–**

(क) “संस्था” भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, खानेपानी तथा सरसफाइ, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, सामुदायिक संस्था, टोल विकास समिति, अध्ययन केन्द्र आदि सम्झनुपर्छ ।

(ख) “गाउँपालिका” भन्नाले जोरायल गाउँपालिका, डोटीलाई सम्झनुपर्छ ।

(ग) “अध्यक्ष” भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले जोरायल गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "सञ्चालक समिति" भन्नाले संस्थाको कार्यकारी समितिलाई सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज) "बिषयगत शाखा" भन्नाले जोरायल गाउँ कार्यपालिका अन्तर्गतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने :** यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

४. **संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्थासम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका कार्यालयमा निवेदन दिनु पर्नेछ :–

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) सञ्चालक समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण–पत्र दिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको कारण सहितको सूचना ७ दिन भित्र निवेदकलाई दिनु पर्नेछ ।

(४) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, दर्ता र नवीकरण दस्तुर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**५.संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप र विधान हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचबिखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजु र गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभइ स्थापना भई संचालनमा रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले

तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ । दर्ता शुल्क तोकिए बमोजिम हुनेछ ।

(२) संस्था दर्ता र नवीकरण दस्तुर अनुसूची ४ मा तोके बमोजिम हुनेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेर**: (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रवन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्तावउपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्नेः** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

**१०. हिसाब जाँच गर्ने;** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा पाच प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय

अधिकृतसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।
तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने** : गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका सञ्चालक समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले पाँच हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा सञ्चालक समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले पाँचसय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन:** दफा १२ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा स्वत: सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

**१५. निर्देशिका बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक निर्देशिका बनाउन सक्नेछ ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्नेः** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा नेपाल सरकारले कुनै ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

अनुसूची १

दफा ४ सँग सम्बन्धित

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
जोरायल गाउँपालिका, डोटी

विषय : संस्था दर्ता गरी पाउँ ।

महोदय,

हामीले ...........................................................सम्बन्धी संस्था खोल्न चाहेकोले जोरायल गाउँपालिकाको संस्था दर्ता तथा नविकरण कार्यविधि, २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण तथा कागजातहरु संलग्न गरी संस्था दर्ताको निवेदन पेश गरेका छौं ।

तपसिल :

१. संस्थाको नाम :

२. संस्थाको कार्यालय रहने ठेगाना :

३. आर्थिक श्रोत :

४. संस्थाको उद्देश्यहरु :

क.

ख.

ग.

५. संलग्न कागजातहरु :

- संस्थाको विधान
- वडा कार्यालयको सिफारिस
- भेलाको निर्णय
- सञ्चालक समितिका पदाधिकारी तथा सदस्यको नामनामेसी विवरण र नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- संस्थाको छापको नमूना

## अनुसूची २

### दफा ४ सँग सम्बन्धित

### दर्ता किताबको ढाँचा

| दर्ता नं. | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारीहरु तथा सदस्यहरुको नाम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

अनुसूची ३
दफा ४ (४) सँग सम्बन्धित

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे ,डोटी

**संस्था दर्ता प्रमाण पत्र**

आ.व.

दर्ता नम्बर : मिति:

श्री ............

जोरायल गाउँपालिका, डोटी ।

जोरायल गाउँपालिकाको संस्था दर्ता तथा नवीकरण सम्बन्धी कार्यविधि,२०७७ को दफा ४ बमोजिम ....साल .....महिना .....गतेमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

प्रमुख प्रशासकीय दस्तखत:
नाम थर:
दर्जा:
मिति:

**नोट:**

- **यो प्रमाणपत्र एक आर्थिक वर्षसम्म मात्र वहाल रहनेछ ।**
- **संस्थाको दर्ता वहाल रहने अवधी समाप्त भएको मितिले तीन महिना भित्र नियमानुसार दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ र सो म्याद नाघेमा नियमानुसार थप दस्तुर एवं जरिवाना समेत लाग्नेछ**

| नविकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधी | भौचर नं. मिति र नविकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची ४
## दफा ४ (४) सँग सम्बन्धित
## दर्ता तथा नवीकरण दस्तुर

| क्र.सं. | विवरण | दस्तुर रु | कैफियत |
| --- | --- | --- | --- |
| १ | संस्था दर्ता | १००० | |
| २ | संस्था नविकरण | ५०० | |